## बैठक संख्या : १७०

आज मिति २०८२।०१।१० गते आइतबार विहान ११: ३० बजे यस गजुरी गाउँपालिकाका अध्यक्ष श्री गणेशलाल श्रेष्ठज्यूको अध्यक्षतामा तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितीमा गाउँकार्यपालिकाको कार्यालय, गजुरीमा सम्पन्न गाउँकार्यपालिकाको बैठकमा देहायका विषयमा छलफल गरि निम्न निर्णय गरियो ।

उपस्थिती :

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री गणेशलाल श्रेष्ठ | अध्यक्ष | |
| २ | श्री शर्मिला विसुराल | उपाध्यक्ष | |
| ३ | श्री तारानाथ भण्डारी | १ नं. वडाध्यक्ष | |
| ४ | श्री द्रोण कंडेल | २ नं. वडाध्यक्ष | |
| ५ | श्री ऋषिलाल श्रेष्ठ | ३ नं. वडाध्यक्ष | |
| ६ | श्री सुरेन्द्र प्रजा | ४ नं. वडाध्यक्ष | |
| ७ | श्री गोविन्द लामिछाने | ५ नं. वडाध्यक्ष | |
| ८ | श्री भक्त बहादुर तामाङ | ६ नं. वडाध्यक्ष | |
| ९ | श्री बद्रि प्रसाद जम्मकट्टेल | ७ नं. वडाध्यक्ष | |
| १० | श्री देवराज ओझा | ८ नं. वडाध्यक्ष | |
| ११ | श्री आयुष प्रजा | कार्यपालिका सदस्य | |
| १२ | श्री सनक बहादुर प्रजा | कार्यपालिका सदस्य | |
| १३ | श्री मैयाँ डल्लाकोटी | कार्यपालिका सदस्य | |
| १४ | श्री गंगा श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १५ | श्री तारा लामा | कार्यपालिका सदस्य | तारा |
| १६ | श्री फुलमाया तामाङ | कार्यपालिका सदस्य | |
| १७ | श्री होम बहादुर राउत | प्रमुख प्रशासकीय अधिकृत | |
| १८ | श्री पुजन प्रसाद अधिकारी | वरिष्ठ ~~प्रशासकीय~~ शाखा अधिकृत | |

एजेण्डा र निर्णयहरु:

१. समपुरक र विशेष अनुदानको लागि योजना तथा कार्यक्रम माग गर्ने सम्बन्धमा ।

निर्णय नं. १. : बागमती प्रदेश सरकार समपुरक र विशेष अनुदानको लागि संघीय सरकारबाट योजना माग भएकोमा तपशिलका योजनाहरु प्राथमिकता निर्धारण गरी माग गर्ने निर्णय गरियो ।

तपशिल:

क. समपुरक योजनातर्फ

| सि.नं. | योजनाको नाम | बजेट | प्राथमिकता क्रम |
|---|---|---|---|
| १. | चालिसे टूलोपोखरी सडक स्तरोन्नती | २ करोड | १ |
| २. | पर्खाले लामाचिरा चैनपुर सिउडिनी सागरभञ्याङ सडक स्तरोन्नती | २ करोड | २ |
| ३. | चौकी भञ्याङ गैरीगाउँ धर्मेचउर सडक स्तरोन्नती | २ करोड | ३ |

ख. बिशेष योजनातर्फ

| सि.नं. | योजनाको नाम | बजेट | प्राथमिकता क्रम |
|---|---|---|---|
| १. | किरान्चोक कटुञ्जे मा.वि. गजुरी ७ आवासिय विद्यालय व्यवस्थापन कार्यक्रम | १ करोड | १ |
| २. | गजुरी गाउँपालिका पोषण सुधार कार्यक्रम | १ करोड | २ |
| ३. | आदर्श मा.वि. शैक्षिक सुधार कार्यक्रम | १ करोड | ३ |

२. चेपाङ्ग चिउरी चमेरो कार्यक्रमको लागत साझेदारी सम्वन्धमा ।

निर्णय नं. २. :वागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, हेटौडा, मकवानपुरसँगको साझेदारीमा सञ्चालन हुने तपशिल वमोजिमका कार्यक्रममा तपशिल वमोजिमको शिर्षकबाट साझेदारी हुने गरी साझेदारी वजेट व्यहोर्ने निर्णय गरियो ।

तपशिल:

| सि.नं. | साझेदारी कार्यक्रमको नाम | वजेट | प्रदेशको बजेट | पालिकाको बजेट शिर्षक र वजेट | कैफियत |
|---|---|---|---|---|---|
| १. | चेपाङ्ग चिउरी चमेरो कार्यक्रम | १५,६०,०००/- | १२,५०,०००/- | ३,१२,५००/- (प्रदेश सरकार लागत साझेदारी कार्यक्रम | |

होम बहादुर राउत
प्रमुख प्रशासकीय अधिकृत

३. लेखा समिति गठन सम्बन्धमा

निर्णय नं. ३. : गजुरी गाउँपालिका लेखा समिति कार्य सञ्चालन नियमावली, २०८१ नियम ३ बमोजिम देहायको गजुरी गाउँपालिकाको लेखा समिति गठन गर्ने निर्णय गरियो ।

देहाय

१. तारानाथ भण्डारी - संयोजक
२. द्रोण कडेल - सदस्य
३. आयुष प्रजा - सदस्य
४. आ.ले.प. शाखा प्रमुख - सदस्य सचिव

४. योजना अनुमोदन तथा भुक्तानी सम्वन्धमा

निर्णय नं. ४. : ठुलपोखरी वाल्सिङ सडक निर्माण वडा नं. ३ निर्माणको लागि रु ७५ लाख विनियोजन भएकोमा निर्माण कार्यका लागि ईविडिङ भई घटाघट हुदाँ बाँकी रहेको बजेटबाट भुक्तानी हुने गरी रु १० लाखको ज्यामिरे भन्ज्याङ्ग पुराक्सिङ सडक निर्माण वडा नं. ३ को उपभोक्ता समितिसँग सम्झौता गरी निर्माण कार्य सम्पन्न भएको हुदाँ सो निर्माण कार्यको योजना अनुमोदन गरी भुक्तानी दिने निर्णय गरियो ।

५. करारीय सम्झौता उल्लंघन भएको हुदाँ क्षतिपुर्ती(ब्याज) दावी गर्ने सम्वन्धमा

निर्णय नं. ५. : गजुरी गाउँपालिका र आदित्य एण्ड आदेश कन्स्ट्रक्सन प्रा.लि. धादिङविच मिति ०८१।०३।३० मा गजुरी गाउँपालिकालको ढुंगा, गिट्टी, बालुवा, उत्खनन, निकासी तथा बिक्री शुल्कको आय ठेक्काको सम्झौता भई कार्य भईरहेकोमा निर्माण व्यवसायी (आदित्य एण्ड आदेश कन्स्ट्रक्सन प्रा.लि. धादिङ)ले सम्झौता बमोजिम समयमै ठेक्काको किस्ता(दोस्रो किस्ता) रकम नबुझाई करारीय सम्झौताको शर्त उल्लंघन गरेको हुदाँ सम्झौता बमोजिम व्याज सहित बुझाउन निर्माण व्यवसायीलाई ताकेता गर्ने र सम्मानित धादिङ जिल्ला अदालतमा व्याजसहितको रकम भराउन लिखित दाबि निवेदन पेश गर्ने भनी निर्णय गरियो ।

६. खर्च अनुमोदन सम्वन्धमा

निर्णय नं. ६ : गजुरी गाउँपालिका वडा नं २ निवासी श्री प्रोशेश पाण्डे भ्वाइस अफ नेपाल सिजन ६ मा नकआउट चरण पार गरि लाईभ राउण्डमा प्रवेश गरेको साथै उक्त व्यक्तिको पारिवारिक अवस्था विपन्न साथै निज "क" वर्गको अपांगता भएकोले निजको सफलताको सहयोगको निम्ति गाउँपालिकाले भोटद्वारा रु. १,००,०००/- अक्षेरपी एक लाख रुपैया सहयोग गरिएको हुदाँ सो खर्च अनुमोदन गर्ने निर्णय गरियो ।

७. ठेक्काको सम्झौता थप गर्ने सम्वन्धमा

निर्णय नं. ६ : गजुरी गाउँपालिका र जय सनसाइन निर्माण सेवा प्रा.ली. गजुरी १ धादिङबीच फोहोरमैला व्यवस्थापन तथा सरसफाइ केन्द्र सञ्चालन (ठेक्का नं. GRM/W/NCB-06/2081-82 )को लागि मिति २०८१।०८।२० गते सम्झौता भइ सो योजनाको म्याद मिति २०८१ चैत्र ३१ गतेसम्म रहेकोमा सो निर्माण व्यवसायीले मिति २०८१।१२।०८ गते निर्माणको लागि निर्माणस्थल तथा बाटो व्यवस्थापनका लागि कार्य गर्न ढिलाई भएको हुदाँ सम्झौता को म्याद थप गरी पाउँ भनी निवेदन दिएकोमा सो योजनाको लागि ईष्टिमेटमा निर्माणस्थलको सम्याउने कामको आईटम नराखिएको तथा सो कार्य गाउँपालिकाले गर्ने भनिएकोमा कार्यालयबा सो कार्य गर्न ढिलाई भइ निर्माण स्थल उपलब्ध गराउन ढिला भएकाले निर्माण व्यवसायीको माग बमोजिम सो सम्झौताको अवधि २०८२ असार १५ गतेसम्म वैद्व जमानत लिई थप गर्ने निर्णय गरियो ।

राम बहादुर राउत
प्रमुख प्रशासकीय अधिकृत

८. विपद व्यवस्थापन समितिको निर्णय अनुमोदन गर्ने सम्बन्धमा

निर्णय नं. ८ : गजुरी गाउँपालिकाको स्थानीय विपद व्यवस्थापन समितिको मिति २०८१ वैसाख १० गते बसेको बैठकले गरेको निर्णय सर्वसहमतीले अनुमोदन गर्ने निर्णय गरियो ।

९. योजना सञ्चालन गर्ने सम्बन्धमा

निर्णय नं. ९ : प्रस्ताव नं. ९ माथि छलफल गर्दा सम्बन्धित वडाका स्थानीय जनताको माग तथा वडा कार्यालयको सिफारिस सहित माग भई आएका तपशिलका योजनाहरु सञ्चालन, गर्नुपर्ने भएको हुदाँ गाउँपालिकासँग अध्यक्ष शीर्षकबाट भुक्तानी हुने गरी देहायका योजना तथा कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

देहाय:

१. छेपाङ सिचाई नहर (वडा नं. २ ) रु २ लाख
२. पेटारे सडक निर्माण तथा स्तरोन्नती (वडा नं. ७ ) रु ३ लाख
३. सिचाई मोटरसहितका सिचाई सामाग्री खरिद तथा व्यवस्थापन (वडा नं. ७ ) रु ६० हजार

१०. भुक्तानी सम्बन्धमा

निर्णय नं. १० : प्रस्ताव नं. १० माथि छलफल गर्दा वडा नं. ४ को वडा कार्यालयको सहयोगमा आयोजना भएको चेपाङ संघको कार्यक्रममा भएको खर्च रु ९६,५६० (अक्षेरुपी छयानव्वे हजार पाँच सय साठ्ठी मात्र) वडा समितिको वैठक तथा वडाको सिफारिसका आधारमा भुक्तानी गर्ने ।

११. आर्थिक सहयोग सम्बन्धमा

निर्णय नं. ११ : प्रस्ताव नं. ११ माथि छलफल गर्दा गजुरी गाउँपालिका वडा नं. ७ स्थायी ठेगाना भएकी नवराज अधिकारीकी छोरी सन्ध्या अधिकारी (ना.प्र. नं. २६-०१-७९-०३९०१) ले उच्च शिक्षा अध्ययनको लागि छात्रवृति उपलव्ध गराईदिनुहुन भनी निवेदन पेश गरेकोमा निज अध्ययनमा अव्वल रहेको तथा निजको परिवारको आर्थिक अवस्था कमजोर रहेको हुदाँ निजलाई उच्च शिक्षा अध्ययनको लागि उपाध्यक्ष छात्रवृति कोष वजेट शिर्षकवाट भुक्तानी हुने गरी रु ५० हजार छात्रवृति सहयोग प्रदान गर्ने निर्णय गरियो ।

१२. कार्यविधि सम्बन्धमा

निर्णय नं. १२. :गाँउपालिकाले कोसेली घर सञ्चालन गर्ने प्रयोजनका लागि तपशिल बमोजिमको कार्यविधि पारित गर्ने निर्णय गरियो ।

तपशिल:

१. गजुरी गाउँपालिकाको कोशेली घर स्थापना तथा सञ्चालन कार्यविधि २०८१

१३. योजना सञ्चालन सम्बन्धमा

निर्णय नं. १३. : गजुरी गाँउपालिका वडा नं. ४ मा विपद् व्यवस्थापन कोष बजेट शिर्षकबाट भुक्तानी हुने गरी वालुवाडाँडा ढाँड चिसापानी सडक मर्मत योजनामा रु १ लाख २२ हजार को योजना सञ्चालन गर्ने निर्णय गरियो ।

तोप बहादुर राउत
प्रमुख प्रशासकीय अधिकृत

१४. आर्थिक सहायता सम्बन्धमा

निर्णय नं. १३. : गजुरी गाँउपालिका वडा नं ४ स्थायी ठेगाना भएका पार्वती प्रजा उच्च रक्तचापका कारण पक्षघात भएको हुदाँ थप उपचारका लागि वडा कार्यालयको सिफारिस तथा अस्पतालको कागजातका आधारमा रु २० हजार आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

१५. थप बजेट सम्बन्धमा

निर्णय नं. १६. : गाउँपालिकासँग अध्यक्ष बजेट शीर्षकबाट भुक्तानी हुने गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५(१) बमोजिम कोटेशन विधिबाट निर्माण कार्य गर्ने तपशिलका योजनाहमा थप बजेट रकमान्तर गरी योजना सञ्चालन गर्ने निर्णय गरियो।

तपशिल:

१. फिसिङ पोइन्ट निर्माण थप रु ५० हजार ।

१६. योजना सञ्चालन सम्बन्धमा

निर्णय नं. १७. : गजुरी गाँउपालिका वडा नं. ५ मा विपद् व्यवस्थापन कोष बजेट शिर्षकबाट भुक्तानी हुने गरी घाटवेशी बान्द्रेखोला धारापानी सडक स्तरोन्नती तथा मर्मत योजनामा रु ४० हजार को योजना सञ्चालन गर्ने निर्णय गरियो ।

१७. भुक्तानी सम्बन्धमा

निर्णय नं. १७. : गजुरी गाँउपालिका वडा नं. ८ को स्थास्थ्य चौकी कटुन्जेको एम्बुलेन्स मर्मत गर्दा भएको खर्च रु २ लाख २१ हजार ९ सय अन्ठानब्बे भुक्तानी गर्ने निर्णय गरियो ।

१८. योजना सञ्चालन सम्बन्धमा

निर्णय नं. १८. : गजुरी गाँउपालिका वडा नं. १ मा गलौदी मोटरेवल पुलबाट मरणघाट जाने बाटो बजेट शीर्षकबाट रु १ लाख र ठुलपोखरी वाल्सिङ सडक निर्माण योजनाको ईविडिङ भई घटाघट हुदाँ बाँकी रहेको बजेटबाट रु १ लाखा भुक्तानी हुने गरी कुल २ लाख बजेटमा गलौदी मरणघाट निर्माण गर्ने निर्णय गरियो ।

१९. हातेमालो तामाङ समाज वडा न २ को भवन निर्माण सम्बन्धमा

निर्णय नं. १९. : गजुरी गाँउपालिकाको वडा नं ३ मा सञ्चालित ठुलपोखरी वाल्सिङ सडक निर्माण योजनाको ईविडिङ भई घटाघट हुदाँ बाँकी रहेको बजेटबाट भुक्तानी हुने गरी कुल २ लाख बजेटमा हातेमालो तामाङ समाज वडा न २ को भवन निर्माण गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत